# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन ११ गते ०१ साल

## भाग १

## साधारण राज्यव्यवस्थाको सूचना

उक्त विषय प्रकाश भएका संख्या ६. ०६।६।२८ का गजेटमा सदरमा हाजिर गोस्वरा खारेज गरी सम्बन्धित विभाग विभागबाटै हाजिर गर्ने भएको जिल्लाको हकमा केही नलेखिएको त्यस विषयमा जिल्लाहरूबाट निकाशालाई आएको जाहेरीहरूको निकासा गर्न सम्बन्धित विभागहरूको राय बुझ्न सेक्रेटरीहरू सबैलाई लेखिपठाएकोमा विभिन्न राय लेखी आएको सबै बेहोरा श्री शाही परामर्शदाताज्यूमा पेश हुँदा सदरमा हाजिर गोस्वारा खारेज भई विभाग विभागले हेर्ने भए पनि जिल्ला गोस्वाराहरूले हाजिर गर्ने गरेको अब जुन जुन विभागको हो, उसै उसै विभागले गर्ने गराउने गोस्वारा सबैको सम्बन्धित हुनाले सो गोरास्वाराबाट हाजिर रेखदेख गर्न छुटाउँदा काममा लापरवाही हुन जानाको सम्भव भएकाले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोस्वारा टाढा भएका ठाउँमा समेत गोस्वाराले रेखदेख हाजिर गर्ने गराउने मुनासीब ठहरी साबिकबमोजिम जिल्ला गोस्वाराले नै सो हाजिर हेर्ने गरी सदर भई आएको मेमोबमोजिम सूचना दिने काम भएको छ। सोबमोजिम गर्ने गराउने गर्नुहोला।

देबीप्रसाद
डिपुटी सेक्रेटरी
साधारण राज्यव्यवस्था.

## साधारण राज्यव्यवस्थाको सूचना

८ माघ २००६ ( जनवरी २१, १९५३ ) मा श्री ५ महाराजाधिराजका शाही परामर्शदाताहरूको बैठकमा निम्नलिखित नियम पास भयो:—

साधारण राज्य व्यवस्थाको नं, १८५६ मिति ५ माघ २००६ को लखोटमा जिल्ला जिल्लाका अड्डाहरूमा स्थानीय व्यक्तिहरूको नियुक्तिबारे विचार भयो। स्थानीयताको विचार नराखी योग्य व्यक्तिहरूको नियुक्ति गर्ने लक्ष्य राखे तापनि हाललाई सचिवालयका र जिल्लाका धेरै हाकिमहरूको रायअनुसार, गजेटेड अफिसर, हाकिम, तहरीर, असिस्टेन्ट र विचारीहरूको पदमा — श्री ५ महाराजाधिराजबाट आज्ञा बक्सेहरूका बाहेक—स्थानीय व्यक्तिहरूलाई नियुक्त नगर्नु नै निर्णय भयो।

अच्युतराज
सेक्रेटरी,
साधारण राज्यव्यवस्था.

गोरखापत्र छापखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।